
# अन्ताक्षरी खेल



राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# अन्ताक्षरी खेल


लेखक : ध्रुव घिमिरे

चित्र : उज्ज्वल तामाङ

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर



© प्रकाशकमा



संस्करण : २०७४


---


अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआईडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

"अघिल्लो हप्ता हामीले के खेल खेल्यौँ ? सम्झ त ।"



“गुरुमा, नमस्कार ! अघिल्लो हप्ता हामीले अन्ताक्षरी खेल्यौँ ।”



“हो ठिक भन्यौ। आज पनि त्यही खेल खेलौँ। त्यसैगरी खेल्ने ल ?”



“हुन्छ, गुरुमा । हामी त्यसरी नै मिलेर बसिसकेका छौँ ।”



“स्याबास । कन्चनजङ्घा र ल्होत्से समूह सुन । दुवै समूहले अन्त्यमा ‘लो’ आउने तिन तिन ओटा शब्द भन त ।”




कालो
टालो
सालो
जालो
रालो
आलोपालो

“स्याबास ! अन्त्यमा ‘उवा’ ध्वनि आउने तिन तिन शब्द भन त ।”




करुवा, बिरुवा, हलुवा ।
चरुवा, सरुवा, हरुवा ।

“धन्यवाद ! जोडिएको वर्ण पछाडि ‘ल’ आउने तिन तिन शब्द भन त ।”



झ्याल, च्याल, स्याल ।



प्वाल, ह्वेल, ख्यालख्याल ।



“धन्यवाद ! दुवै समूहलाई । दुवैको बराबरी अङ्क आयो । दुवै विजयी भए ।”



मुख्य शब्दहरू :

| | | |
|---|---|---|
| कालो | टालो | सालो |
| जालो | रालो | आलोपालो |
| | | |
| करुवा | बिरुवा | हलुवा |
| चरुवा | सरुवा | हरुवा |
| | | |
| झ्याल | न्याल | स्याल |
| प्वाल | ह्वेल | ख्यालख्याल |

# अन्ताक्षरी खेल

वर्ण र मात्राको चिनारीपछि बालबालिकालाई आफैँ पढ्न सहयोग पुग्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्रीले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन :

१. सबै वर्ण र मात्राको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेको बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरै जसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गारो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गारो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।